नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.- ५५४, दायर मिति-: २०८१।०२।०७

फैसला मिति- २०८१।०२।२८

| वादी | प्रतिवादी |
| --- | --- |
| लालमुनी देवीको जाहेरीले नेपाल सरकार..........................१ | जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१५ बस्ने सन्तलाल महतो नुनियाको छोरा बर्ष २० को हेरराम महतो नुनिया.. १ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१. प्रतिवादीलाई सोधपुछ गर्दा जाहेरवाली आमालाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने दरखास्त जाहेरी।
२. जाहेरवाली आमालाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै अभद्र व्यवहार भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. सोधपुछ गर्दा जाहेरवाली आमालाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अनुराधा अधिकारी समेतको घटनाविवरण कागज ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

## ठहर-खण्ड

यसमा मिति २०८१।०१।२० गते राती २०:०० बजेको समयमा प्रतिवादी हेरराम महतो नुनियाले नसालु पदार्थ सेवन गरी म जाहेरवाली समेतलाई बिभिन्न अश्लिल शब्दहरु प्रयोग गरी गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटना विवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी हेरराम महतो नुनियालाई कैद दिन १८ र जरिवाना रु.४०००/- अक्षेरपी चार हजार गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी हेरराम महतो नुनियालाई ठहरेको कैद दिन १८ को हकमा निज मिति २०८१-०१-२० देखि २०८१-०२-०६ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.५५०/२०८०/०२/०७ बाट दाखिला गरेको धरौटी रकम रु.४०००/- बाट जरीवाना रकम रु.४०००/- कट्टी गर्नु ------------------------------------------------------------------------ १
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु--------------१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु---------------------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना २८ गते सोमवार रोज २/ ने.सं. ११४४ तछलाथ्व चतुर्थी, शुभम् ........